दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २८५ | बुटवल | २०८१ कार्तिक ०२, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Oct. 18, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## सरायसँगै सकियो दसैं



बुटवल । बिजयादशमी पर्व सराय नाच संगै सकिएको छ । बिहीबार विभिन्न कोतघर र देवीका शक्तिपीठहरुमा हतियार जुधाएर नाच्ने सराय नाच पूर्णिमा मेला गरी समापन गरिएको हो ।

कोतघर र देवीका शक्तिपिठमा विशेष पूजाआजा गरी विधिवत् रूपमा सराय नाचको समापन गरिएको हो । पश्चिम नेपालको प्रसिद्ध सराय नाच देशभर नै मनाउन थालिँदै गएको छ । ऐतिहासिक कोतघर, दुर्गा र कालिका मन्दिरहरूमा दसैँसँगै सराय नाचको विशेष महत्त्व रहेको छ ।

दसैंको टीकाको भोलीपल्टदेखि पूर्णिमासम्म लुम्बिनी प्रदेशका पहाडि जिल्लाहरु अर्घाखाँची,गुल्मी,पाल्पा लगायतमा सराय नाच नाच्ने प्रचलन रहेको छ । यसैबिच रुपन्देहीका बिभिन्न स्थानमा पनि सराय नाचिएको छ । बुटवलको जिगतढि , देनिगर लगायतका क्षेत्रमा सराय नाचिएको हो । खुँडा, भाला, तरबार, लगायत घरेलु हतियारको प्रयोग गरी युद्धको झल्को दिने गरी सराय नाच नाचिन्छ ।

राक्षससँगको लडाइँमा सत्यको विजयपछि सत्यका पुजारीले विजयोत्सव स्वरूप कोत र मन्दिरहरूमा हतियार प्रदर्शनसहित सराय नाच्न थालिएको जनविश्वास छ ।बाइसे र चौबीसे राजा बस्ने समयदेखि दसैंको कोजाग्रत पूर्णिमाका दिन सराय नाच्दै दसैंलाई बिदा गर्ने परम्परा छ । अर्घाखाँचीका पूर्वी क्षेत्रका कोतहरू, अर्घा र भण्डारथुममा हुने सराय नाच यस क्षेत्रकै प्रख्यात सराय नाच हो । पूर्णिमाको दिन अर्घा र भण्डारथुममा सराय नाच्नेको ठुलो मेला नै लाग्ने गर्छन् ।पश्चिम नेपालमै प्रख्यात रहेको सरायनाच र अर्घाको पूर्णिमा मेलाका बारेमा हिन्दु ग्रन्थ तथा विभिन्न पात्रोहरूमा समेत उल्लेख भएकाले पनि यसको महत्त्व बढी रहेको छ । यस वर्ष पूर्णिमा तिथि दुई दिन परेकोले केही स्थानमा बुधबार र बिहिबार गरि दुईदिन नै सराय नाचिएको हो ।

## घनश्याम–जनार्दन भेटवार्ता

बुटवल । नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा र नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालबीच भेटवार्ता भएको छ। आज काठमाडौंमा दुई नेताहरुबीच करिब एक घण्टा छलफल भएको हो।

दुई नेताबीचको भेटमा पछिल्ला समसायिक राजनीतिक घटनाक्रम र कम्युनिष्ट पार्टीलाई नयाँ ढंगले अगाडि बढाउने विषयमा छलफल भएको जनाइएको छ।

सत्ताबाट बाहिरिएपछि पछिल्लो समय नेकपा माओवादी केन्द्र कम्युनिष्ट एकताको पहल गर्दै आइरहेको छ। कम्युनिष्ट एकताको लागि समाजवादी मोर्चा हुँदै अगाडि बढिरहेका छन्। केही समयअघि माओवादी र नेकपा एसबीच पार्टी एकताको चर्चा भएपनि हतार नगर्ने निष्कर्षमा दुवै पुगेका छन्।

माओवादी र नेकपा एसपछिल्लो समय सहकार्यमा जोडिँदै आएका छन्। दुवै नेताहरुले हालैमात्रै नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवलाई कपिलवस्तुमै पुगेर भेटेका थिए। कम्युनिष्ट एकताको पक्षमा उभिएका विप्लव अहिले समाजवादी मोर्चाको संयोजक छन् ।

# तीन वर्षपछि भैरहवा भन्सारको लक्ष्य पार

**मोहम्मद हबिब**

*भैरहवा ।*

मुलुककै दोस्रो ठुलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले ३ वर्ष पछि राजश्व लक्ष्य पार गरेको छ । २०७८ पुस ५ गतेबाट नेपाल राष्ट्र बैकले १८ वटा शीर्षकका विलासिताका वस्तुहरुको आयातमा अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमि हुदै आएको थियो , २०८१ को भदौ महिना सम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न सकेको थिएन । असोज महिनामा भन्सार विभागले दिएको लक्ष्य पार भएको भैरहवा भन्सार कार्यालयका प्रमुख राम प्रसाद रेग्मीले बताए ।



कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संक्लन लक्ष्य दिएकोमो चालु आर्थिक वर्षको ३ महिनामा २५ अर्ब ०६ करोड ९१ लाख ७४ हजार रुपैयाँ संकलन गरेको हो । विगत ३३ महिनाबाट भैरहवा भन्सार कार्यालयले लक्ष्य अनुसारको राजश्व संकलन गरेको थिएन । असोज महिनाको लागि हाम्रो लक्ष्य ८ अर्ब ७८ करोड १७ लाख रहेकोमा ८ अर्ब ८१ करोड ३७ लाख अर्थात १०० दशमलव ३६ प्रतिशत राजश्व संकलन भएको प्रमुख भन्सार अधिकृत रेग्मीले भने ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८०/८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संक्लन लक्ष्य दिएकोमो ६३ दशमलव २४ प्रतिशत, आर्थिक वर्ष २०७९/८० का लागि एक खर्ब ५५ अर्ब ६० करोड ३८ लाख ७९ हजार राजस्व संक्लन लक्ष्य दिएकोमो ४९ दशमलव ४१ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा एक खर्ब २७ अर्ब ४२ करोड ६८ लाख २५ हजार राजस्व संक्लन लक्ष्य दिएकोमो ९० दशमलव ९४ प्रतिशत मात्रै राजश्व संलन भएको थियो ।

भन्सार कार्यालयको तथ्याङ्क अनुसार २०७७/७८ पछि लक्ष्य अनुसारको राजश्व संकलन हुन सकेको थिएन । वर्षेनी मुलुकको बजेटको आकार बढेकोले स्रोतको सुनिश्चितताका लागि भन्सारको लक्ष्य पनि बढ्ने गरेको छ । तर लक्ष्य थपिए पनि सो अनुसारको राजश्व संकलन भने हुन सकेको थिएन । अहिले विभागले विगतको राजश्व संकलनलाई मध्यनजर गर्दै केही लक्ष्य घटाएपनि यस आर्थिक वर्षको पहिलो महिनामा ८३ दशमलव ५४ प्रतिशत र दोस्रो महिनामा ९० दशमलव ०४ प्रतिशत मात्रै राजश्व संकलन भएको थियो असोज महिनामा लक्ष्य भन्दा १ प्रतिशत बढि राजश्व संकलन गर्न सकेको भन्सार कार्यालयका सूचना अधिकारी नरेन्द्र प्रसाद चौधरीले जानकारी दिए । भन्सार विभागले लक्ष्य पार नभएपनि चालु वर्षका लागि विगतको वर्ष भन्दा केही लक्ष्य घटाएको छ । कार्यालयका अनुसार यस नाकाबाट पछिल्लो ३ महिनामा भित्रिने मुख्य १० वस्तुमा मोटरसाइकल, जीप, कार र भ्यान, पेट्रोल, मोबाइल टेलिफोन, इलेक्ट्रीक कार जीप भ्यान, पीग आइरन, पिकअप तथा डेलिभरी भ्यान, ग्लेज टाइल, चकलेट र सुपारी रहेको छ ।

भैरहवा भन्सार कार्यालय निर्यात लक्षित भन्सार नरहेको कारण यहाबाट न्यून रुपमा निर्यात हुने गरेको छ । पछिल्लो ३ महिनामा कार्यालयबाट मुख्य १० बस्तु सेन्थेटिक यार्न, सिमेन्ट, सिमेन्टको क्लिङ्कर, बनस्पति उत्पादन, रेजीन, पिना, चाउचाउ,प्लाइउड र जडीबुटीहरु निर्यात भएको छ ।

# ‘वधशाला चलाउन संघ र प्रदेश सरकारको निर्देशन आवश्यक’

बुटवल । बाख्रापालक किसान र मासु व्यवसायीलाई सञ्चालन गर्न दिने पुर्व सहमति तोडेर निजी कम्पनीलाई दिएपछि विवादमा फसेको बुटवलको पशु बधशाला दीगोरुपमा सञ्चालनका लागि संघीय र प्रदेश सरकारले बुटवल उपमहानगरपालिकालाई निर्देशन दिनुपर्ने सरोकारवालाले औंल्याएका छन् ।

किसानले खसी बोका दिन र व्यवसायी बध गर्न जान अस्वीकार गरेपछि ठेक्का पाएको मुक्तिनाथ लाइभस्टक बैंकलाई बधशाला चलाउन सकस परेको छ । त्यसपछि बुटवल उपमहानगरपालिकाले दिनहुं अनुगमन र जरिवाना गर्न थालेपछि व्यवसायी र उपमहानगरबीच टकराव भएको छ ।

बधशाला सम्बन्धी विवादका विषयमा रिपोर्टर्स क्लब लुम्बिनी प्रदेशले गरेको कार्यक्रममा प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका निमित्त सचिव हरि पण्डितले किसान र व्यवसायीलाई बधशाला सञ्चालनमा सहभागी गराउने शर्तमा प्रदेश सरकारले १६ करोड लगानी गरेको तर निजी कम्पनीलाई दिएपछि सञ्चालनमा समस्या भएकाले अब प्रदेश संगै संघीय सरकारले बुटवल उपमहानगरपालिकालाई स्पष्ट निर्देशन दिन आवश्यक रहेको बताए । ‘निजी कम्पनी र एउटा ब्यापारीले बधशाला दीगोरुपमा चलाउन सक्ने देखिएन, अब कसरी चलाउने भनेर संघ र प्रदेश सरकारले निर्देशन दिएमा यो समस्या एक महिनामै हल हुन्छ’-निमित्त सचिव पण्डितले भने-‘किसान र व्यवसायीको सहभागिता विना बधशाला चल्दैन ।’

बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले टेण्डर प्रकृयामार्फत छनोट भएको निजी कम्पनीलाई किसान र व्यवसायीको साथ नभएपछि बधशाला चलाउन कठीन भएको स्वीकार्दै दीगो सञ्चालनका लागि संघीय र प्रदेश सरकारले स्पष्ट निर्देशन दिनुपर्ने आवश्यकता औंल्याए ।

बधशाला स्थापनामा करिब ४ करोडको प्राविधिक सहयोग गरेको हेफर इन्टरनेसनलका कन्ट्री डाइरेक्टर डा. तिर्थ रेग्मीले विगतमा निजी कम्पनीले बधशाला चलाउन नसकेर असफल भएकाले किसान (उत्पादक) - व्यवसायी र सरकारको साझेदारीमा बधशाला चलाउने अवधारणा अनुसार अघि बढेको तर उपमहानगरले टेण्डरमार्फत असफल मोडेलमा गएकाले सञ्चालनमा समस्या आएको बताए ।

हजारौं किसान महिलालाई उत्पादन र बधशाला सञ्चालनमा जोड्ने गरी अघि बढेको अवधारणामा उपमहानगरले धोका दिएकाले समस्या आएको भन्दै डा. रेग्मीले किसान र व्यवसायीको साथ लिएर मात्र बधशाला चल्न सक्ने बताए ।

मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले मासु व्यवसायमा आवश्यक सुधार गरी मासुको गुणस्तर कायम गर्न कहीँकतै सम्झौता नगरी उपभोक्ताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न प्रतिबद्ध रहेको तर उपमहानगरपालिका एउटा निजी कम्पनी पोस्ने गरी बनाएको कानूनको आडमा अनुगमन र जरिवाना आतंक स्वीकार्य नभएको बताए । बधशालामा ठूलो लगानी गरेको प्रदेश सरकार र संघीय सरकारले बुटवल उपमहानगरको ज्यादती रोक्न सहजिकरण गरिदिनुपर्ने उनले माग गरे ।

आफुहरुले मासु पसलका लागि स्पष्ट मापदण्ड बनाउन, नियमनका लागि निर्देशिका बनाउन, उपभोक्ता हितका पक्षमा कानुन बनाउन, साना किसान र व्यवसायीको लगानी भइसकेको करोडौं रकमको सुरक्षाको ग्यारेन्टी गर्न बुटवल उपमहानगरलाई ध्यानाकर्षण गराएपनि बेवास्ता गरेको थापाले बताए ।

बधशालामा किसान र मासु व्यसायीलाई सहभागी नगराउने हो भने आफूहरुले अलग्गै कम्पनी स्थापना गरेर अन्तर्राष्ट्रिय स्तरको बधशाला सञ्चालन गर्न तयार रहेको तर उपमहानरले कानून छैन भन्दै निजी कम्पनीलाई जसरी पनि पोस्ने गरी प्रस्तुत भएको उनले बताए ।

बाख्रा उत्पादक अगुवा किसान हेमाकुमारी पौडेलले बाख्रा पाल्ने ४७ हजार बढी महिलाहरुलाई बधशालाको मालिक बनाउने भन्दै उत्साहका साथ साझेदारीको अभियानमा सरिक भएको तर, बुटवल उपमहानगरले धोका दिएको गुनासो गरिन् ।

महिलाहरुले सञ्चालन गरेका २४ सहकारी संस्थालाई संगठित गरी चारवटा इन्भेष्टमेन्ट कम्पनी र मासु व्सायीको एउटा कम्पनी गरी ५ कम्पनीको संयुक्त कम्पनी बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालि गठन गरी वधशालाको दिगो सञ्चालन गर्न साझेदारी (फोर-पी) को मोडल बनाइएकोमा निजी कम्पनीलाई दिएपछि आफूहरुले अपनत्व लिन नसकेको बताइन् ।

बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्णप्रसाद पौडेलले बुटवल उपमहानगरले व्यवसायी र किसानलाई पुर्व सहमति तोडेर धोका दिएकाले विभेदकारी, अवैज्ञानिक र अपूर्ण कानून संशोधन गर्न माग गरे । बधशाला सम्बन्धी कानूनले खसी बोका को मासु लाई मात्र समेटेको तर ठूलो परिमाणमा खपत हुने रांगा,कुखुरा , बंगुर लगायतका मासुका बारेमा कुनै उल्लेख नभएकाले कानून सच्चयाउन माग गरे ।

उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनी प्रदेश अध्यक्ष तेजकुमार पाठकले चार किल्ला तोकेर निश्चित व्यापारीलाई फाइदा पुग्ने र एकाधिकार हुने गरी बनाइएको कानून तत्काल संशोधन गर्न माग गरे ।

मासु व्यवसायीले उपमहानगरको अनुगमन र ज्यादती विरुद्ध भद्र अवज्ञा आन्दोलन गरिरहेका छन् । व्यवसायीको आन्दोलनलाई साथ दिंदै उद्योग वाणिज्य संघ सहित रुपन्देहीका सात वटा व्यवसायिक संघ-संस्थाले बुटवलका मासु व्यवसायीलाई आफ्नै पसलमा स्वस्थ खसी बोका वध गरी बिक्री वितरण गर्न दिन माग गरेका छन् ।

बाख्रापालक किसान र मासु व्यवसायीको सहभागितामा सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर-पी) अवधारणामा वधशाला चलाउने पूर्वसहमति विपरीत बुटवल उपमहानगरले टेण्डरमार्फत निजी कम्पनीलाई दिएपछि व्यवसायी वधशालामा जान अस्वीकार गरेका छन् ।

उपमहानगरले दिनहुँजसो अनुगमन र ५० हजार रुपैयाँसम्म जरिवानादेखि पसल बन्दसम्म गराउन थालेपछि व्यवसायी भद्र अवज्ञा आन्दोलनमा छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# सडक विस्तारमा ढिलाइ नगर

लामो समयदेखि अलपत्र परेको बुटवलको राजमार्ग चौराहदेखि गोलपार्कसम्मको तीन किमी सडक विस्तारको काम अघि बढ्ने भएको छ। निर्माणका लागि नयाँ ठेक्का सम्झौता भएपछि सडक बन्ने आशा पलाएको छ।

पहिलो पटक डिभिजन सडक कार्यालयले कन्चनजंघा बिरुवा जेभीसँग २०७३ चैत १७ गते ०७६ सम्मको समयसीमा राखेर सडक विस्तार सक्ने ठेक्का सम्झौता गरेको थियो। पटक-पटक म्याद थप्दासमेत सडक विस्तार नसकिएपछि गत वैशाखमा ठेक्का रद्द गरिएको थियो ।बिरुवा जेभी काठमाडौंले ५३ करोड ९७ लाख ९९ हजार ४ सय रुपैयाँमा ठेक्का सम्झौता गरेकोमा ८ वर्षमा जम्मा ५४ प्रतिशतमात्र काम गरेको थियो। अहिले नयाँ ठेक्का बावुल दर्शन मालिका जेभी भैरहवाले पाएको छ। यो कम्पनीले ०८२ असोज मसान्तभित्र काम सम्पन्न गर्ने गरी यही असोज १८ गते ठेक्का सम्झौता भएको छ।

विकास आयोजना समयमै नबन्दा त्यसको असर के कस्तो हुन्छ भन्ने यो एउटा उदाहरण हो। बुटवलको चौराहा–गोलपार्क सडक नबन्दा बुटवलको व्यवसायिक वातावरण धुमिलियो। धेरै व्यवसायी यहाँबाट विस्थापित भए। सडक लामो समयसम्म अलपत्र पर्दा धुलाम्मे भयो। जसले उपभोक्ताले किनमेल गर्न बुटवलको विकल्प रोजे। अब पनि सडक निर्माणमा ढिलाई भयो भने बुटवलको लागि घातक हुनेछ।

सडक बेलैमा निर्माण गर्न र काम गुणस्तरीय गर्न खबरदारी हुनुपर्छ। यो सडक निर्माण संघीय सरकारले गर्ने हो। निर्माणको कामको निगरानी समुदाय र स्थानीय सरकारले गर्न सक्छन्।

सडक निर्माणको ठेक्का स्थानीय कम्पनीले पाएको र विगतको उसको संस्थागत क्षमता पनि राम्रै भएकाले काम समयमै सकिने आशा गर्न सकिन्छ। निर्माण कम्पनीलाई काम गर्ने वातावरण बनाउने काम राज्यका सरोकारवाला निकायको हो। विभिन्न बाधा र अवरोध पन्छाएर सहयोग गर्ने काम सरोकारवाला निकायको हो। अवरोध पन्छाएर सहयोग हुँदा समेत काम नगर्ने कमजोरी निर्माण कम्पनीको हो। विगतको कमजोरीबाट पाठ सिकेर तोकिएको समयमा गुणस्तरीय सडक बन्नुपर्छ, त्यसका लागि सबैले सहयोगी भूमिका खेलौं।

# के बटौलीको श्री ७ मननारायण चक्रव्यूहमा फसेकै हो ?



पदम न्यौपाने

एउटा बलियो सांस्कृतिक विरासतबनेको एउटा सम्पदानेपाल अंग्रेज युद्धकोऐतिहासिक साक्षी बुटवल उपमहानगरपालिका वडा न. १ निमचोकस्थित श्री ७ मननारायण मन्दिर पनि हो। नेपाल अंग्रेज युद्धका बखत अंग्रेजको २/२पटकको आक्रमणलाई विफल तुल्याएको एवंनेपाल र नेपालीको राष्ट्रियता र स्वाधीनता स्थापित गरेको बटौलीको बटौलीगढी (जितगढी) किल्लाकै आधार क्षेत्रमा रहेको यो मन्दिर र यसको निरन्तर सञ्चालन र व्यवस्थापनकालागि राखिएको गुठी जग्गा प्रति गुठी संस्थान र गुठीयार दुवैको उदासिनताले यो मन्दिरको अवस्था नाजुक बन्दै गएको देखिन्छ।

तत्कालीन अमरसिंह थापा पाल्पाको तैनाथवाला रहेका अवस्थामा बटौलीमा मन्दिरको स्थापनागरी मनीराज फौजदारद्धारा एक सय बैसठ्ठी विघा जमिन बुटवलवाट दक्षिणमा पर्ने विनायकपुरमा गुठी जग्गाको व्यवस्थागरेको उपलव्ध लालमोहरमाउल्लेख छ। मन्दिर परिसरमा रहेको शिलालेखमा समेत सो कुरा उल्लेख गरिएकोछ। मनिराज फौजदार काठमाण्डौवाट पाल्पा गएको देखिन्छ। उनी व्यापारका शिलशिलामा पाल्पा गए वा अमरसिंह थापासँग सैनिक जागीरका शिलशिलामा पाल्पा गए भन्ने पक्षमा भिन्न भिन्न मत रहेपनि उनी नेपाल अंग्रेज युद्धका समयमा कर्णेल उजिरसिंहका नागरिकका तर्फवाट सारथीको भूमिकामा थिए भन्नेमा भने अधिकाशं लेखक वा अध्येताहरुको मत देखिन्छ। उनै मनीराजले पाल्पाको अमर नारायण मन्दिर भन्दा अगावै सो मन्दिर स्थापना गरी भविष्यमा यसको निरन्तता होस भनेर प्रशस्त जग्गा र सम्पती गुठीको नाममा राखिदिएका थिए।

यहाँ अव एकैछिन मनीराजको वारेमा खुलेर नलेखिएको तर यदाकदा सामान्य चर्चामा सिमित गरिएको इतिहास वारे समान्य चर्चा गरौं–आशा एवं विश्वासछ,उनको योगदानका भित्रि पक्षहरुका वारेमा चर्चा हुँदै जानेछन्। तत्कालीन राज्यको संरक्षणकालागि उनको भूमिका के थियो भन्ने सन्दर्भमा गहन खोजी गर्ने कार्यमा उनका सन्ततीले चासो देखाउनु पुर्खाको सम्मान हुने थियो। भनिन्छ, मनीराजद्धारा बटौलीमा बसेर व्यापारका साथै सेनाकालागि आवश्यक रसदपानीको व्यवस्था मिलाउने, बटौली बजारको सुरक्षा व्यवस्था र नेपाली सेनाकालागि पाल्पा गौंडाका प्रशासक एवं काठमाण्डौका प्रशासकहरुलाई सुचना उपलव्ध गराउने मात्र होइन भारतको सिमासम्म नेपाली सूचना संयन्त्र निर्माणगरी प्रभावकारी र प्रभावशाली कार्य गरेको देखिन्छ।

सायद यसै कारण पनि हुन सक्छ अंग्रेजहरुले तत्कालीन अवस्थामा मनीराज(मणीराज)लाई सुपुर्दगी गर्न अनुरोध गरेका कारणले मान्न सकिन्छ उनी चानचुने मानिस भने थिएनन्। तर दुर्भाग्य यस्ता व्यक्तित्वको बारेमा इतिहासका अध्येता र जानकारहरुले खुलेर इतिहास लेखेको देखिदैन्। इतिहास युद्धमा लड्नेहरुको मात्र होइन् पृष्ठभागमा रहेर लडाई जित्न मद्दत गर्ने सर्वसाधारणा एवं रणनीतिकारहरुको पनि हुन्छ र लेखिनु पर्छ। यो लेखिनुको उद्देश्यपनि जान्नेहरु र इतिहास लेख्नेहरुको ध्यानाकर्षणकालागि पनि हो।

अव चर्चा गरौं,उनै मणीराजले स्थापना गरेको मन्दिर र मन्दिरको नाउमा रहेको करोडौंको मुल्य भएको गुठी जग्गाको व्यवस्थापन कसरी भैरहेकोछ भन्ने सन्दर्भमा। सम्वत १९९१सालको श्री ५ को सरकार तर्फ गुठी जगतजाँच अड्डाले प्रमाणित गरेको मननारायण गुठीको आम्दानी खर्चको लगतमा उल्लेख भए अनुसार १८६९ साल बैशाख ८ रोज १ मा लालमोहर गरी निम्न चार किल्लामा गुठी राखेको देखिन्छ।

लालमोहरमा उल्लेख भए अनुरुप विनायकपुर क्षेत्रमा गुठी जग्गाको चौकिल्ला निर्धारण गर्दा सो चौकिल्ला भित्र हिरालाल अधिकारीको रैकर जग्गा परेको भनि उजुरी गरेको र फेरी टंकनाथ पाध्याले पनि उजुरी गरेकोले ७८ सालको नापीले नापजाँच गर्दा सडक गौचर जंगल वाहेक आवादी जग्गा १३९.९४ विगाह, घरवास भएको विगाह ३.२ गरी १४२ .२०४ विगाह ठहरेको तर उजुरी वालाहरुको जग्गा गुठीवाट हटाइ १३९.३४ विघा मात्र कायम गरी मन्दिरको नाउमा गुठी कायम गरिएको थियो। सोही लालमोहरमा तोकिएको जग्गावाट वार्षिक आउने १० हजार पाँचसय ३४ रुपैयावाट मन्दिरको दैनिक पूजाआजा,आरती, मर्मत संभार जस्ता कार्यगर्ने गरी आम्दानीको विभाजन गरी सञ्चालन गर्ने भन्ने उल्लेख गरेकोदेखिन्छ। सो समयमा गुठी जग्गामा १९ जनाले रेखदेख गर्ने र तिरो तिर्ने भन्ने समेत व्यवस्था गरिएको थियो। १९९० को सो लालमोहर पुरानो १८६९को लालमोहर र १९६४का शिलापत्रलाइ भिडाएर तयारपारिएको स्पष्टिकरण समेत उल्लेख गरिएकोछ।

लामो इतिहास रहेको र एउटा विशिष्ट व्यक्तित्वले संस्थापना गरेको सो गुठी जग्गा र मन्दिरको नाममा राखिएका गरगहना सहितको कराडौका चल अचल सम्पतीका सन्दर्भमा हाल सम्मपनि स्पष्टता नदेखिनु , सम्पतिको व्यवस्थापनमा पारदर्शिता नदेखिनु, मन्दिरको महत्वर गरिमाप्रति सचेतता नदेखिनु र यति पुरानो गुठी र मन्दिरका वारेमा बुटवलमा चर्चा र चासो नै नराखिनु मात्र होइन हरेक स्थानमा राजगुठी कायम भएका मन्दिर सञ्चालन र व्यवस्थापनकालागि व्यवस्थापन गठन गरिदा पनि यहाँ त्यस तर्फ अग्रसर नहुनुले आफैमा सन्देहपूर्ण छ भन्न सकिने आधारहरु तयार पार्दै गएको देखिन्छ।

गुठी जग्गाहरुको सम्पती व्यवस्थापन गर्ने, अद्यावधि राख्ने, सो मन्दिरसंग गासिएका संस्कार संस्कृति र परम्पराको निरन्तताकालागि गुठी संस्थान गठन गरिएको हो। संस्थानले अधिकाशं गुठीलाइ राजगुठीमा परिणत गरि त्यसवाट आउने आयलाइ आफूमातहत ल्याउने र सो को केही अंश मन्दिर व्यवस्थापनलाइ मद्दत गर्दै आएको बताउने गर्दछ। तर यो मन्दिरको अवस्था र गुठी जग्गाको व्यवस्थापनका पक्षमा हेर्दा गुठी संस्थान चुकेको देखिन्छ।

मननारायण मन्दिरको गुठी जग्गानै कतिहो ? यसको कुल सम्पति कति हो र मन्दिरको अवस्था कस्तोछ ? भन्नेवारेमा गुठी संस्थान आफै अन्योलमा रहेको यसले समय समयमा गरिएका परिपत्र र टिप्पणीहरु हेर्दा सो देखिन्छ।हुन त यस सन्दर्भमा गुठीका संस्थापकका सन्ततीका हिसावले दावी गरेर गुठीयारको रुपमा नियुक्ति लिदै आएका गुठीयारले समेत सम्पति संरक्षण र व्यवस्थापनमा कुनै चासो दिएको देखिदैन।

विक्रम सम्वत २०६३ भदौ १ गते संस्थानले मालपोत कार्यालय बुटवललाईगुठीयारले जग्गाको मालपोत उठाउन पाउने व्यवस्थाकालागि गरिएको अनुरोधका वारेमा पत्र लेखीगुठीयारद्धारा कति जग्गा हो सो जग्गाको लगत पेश नगरी माग गरिएकोले जग्गाको कुल क्षेत्रफल सहित जग्गाको अवस्थावारे स्पष्ट उल्लेख गर्न भनिएको थियो। तर गुठी संस्थानमा रहेको दस्तावेजमा समेत कति जग्गा र सम्पती हो,यकिन देखिदैन्।

त्यसैगरी २०६३ साल फागुन १७गतेको संस्थानको मालपोत कार्यालय रुपन्देहीलाई पत्र लेखी गुठी जग्गाको व्यवस्थापन रेखदेख र मन्दिरको नित्य पूजा आदिकालागि ५ वर्षकालागि गुठीयारलाई जिम्मा दिने, जग्गावाट आउने आम्दानीको रकम मन्दिर सञ्चालनकालागि उपलव्ध गराउने, गुठी जग्गाको नापजाँच र क्षेत्रफल एकिन गर्ने, छुट जग्गा भए नापजाँच गर्ने, मन्दिर जिर्णोदार, रेखदेख र व्यवस्थित कसरी गर्न सकिन्छ भन्नेवारे सुझाव दिने र देवस्थल सञ्चालन सम्बन्धमा स्थानीयस्तरमा गुठी सञ्चालनकालागि व्यवस्थापन समिति गठन गर्ने र सो वारे नगरपालिका लगायतसँग छलफल गर्ने भनि लेखिएको भएपनि हाल सम्म व्यवस्थापन समिति गठन गरी सम्पति जगेर्ना गर्नेवारे केही पहल भएको देखिदैन्।

व्यवस्थापन समिति गठन सन्दर्भमा पहल गरिदा गुठीमा राजनीति हुने हुनाले व्यवस्थापन समिति गठन नगर्ने पक्षमा गुठीयारहरु रहेको स्थानीयहरु वताउँछन्। यसवाट पनि सन्देह उत्पन्न हुन्छ की संस्थानको सकृयता नदेखिनु र सम्पतिको संरक्षण गर्ने नसक्नेलाई गुथीयार कायम राखिराख्नु र कायम रहन चाहानु भित्रको रहस्य खोजी हुनु पर्दछ भन्नेमा धारणा बन्दै गएको देखिन्छ।

सायद यसै कारणले पनि हुन सक्छ गुठी संस्थानले केही समय यता आएर सम्पतीको वारेमा खोजी गर्न थालेको पाइन्छ। संस्थानले २०८० साल चैत २५ मा मालपोत कार्यालय बुटवल र भैरहवालाई पत्र पठाइ श्री ७ मननारायण गुठीको गुठी रैतान नम्वरी, गुठी अधिनस्थ र गुठी र तैनाथी जग्गाको विवरण जग्गाको प्रकृति अनुरुप नगरपालिका, गापा, वडा नं. र कित्ता नम्वर सहित विवरण उपलव्ध गराउन पत्र थियो। मालपोत कार्यालयवाट कुनै जवाफ प्राप्त नभएपश्चात संस्थानले पुन मिति २०८१ साल असार ७ मा पठाइएको जनाएको छ। यसैगरी,मिति २०८१ श्रावणमा गुठीयारलाईसमेत कुन कुन स्थानमा मन्दिरको नाममा के कति जग्गाहरु थिए, र हाल ती जग्गाहरु के कस्तो अवस्थामा रहेका छन् ?जग्गाको कित्ता नम्वर र क्षेत्रफलका साथै अन्य चल अचल सम्पतीहरुको विवरण उपलव्ध गराउन पत्र लेखेको जनाएको छ तर हालसम्म कुनै विवरण उपलव्ध भएको देखिदैन्।

मननारायण गुठीको विनायकपुरमा रहेको गुठी जग्गाको क्षेत्रफलमा समेत गुठी संस्थान आफैमा अन्योल भएको उसैको समयसमयका टिप्पणी र पत्रहरुवाट प्रष्टिन्छ। २०६३ साल माघ ८ मा गुठीवाटै उठेको एक टिप्पणीमा १६६ विघा कुल क्षेत्रफल मध्ये ११३ विघाको मात्र मालपोत लगत कायम देखिएको ले वाँकी जग्गा खोजी गरी संरक्षण गर्न जरुरी देखिएको भन्ने उल्लेख छ भनेगुठी संस्थानकै मिति २०७५ जेठ २१को मालपोत कार्यालय बुटवललाइ लेखेको मोही रकम यकिन गर्ने वारेको पत्रमा साविक विनायकपुर (सेमलार) मा रहेको १४५ १५ २ ४ क्षेत्रफल वाट उठ्ने मालपोत रकम कती हुन आउँछ खुलाइ पठाउनु भन्ने उल्लेख छ। यसवाट प्रष्ट हुन्छ गुठी संस्थानले आफूले आफ्नै मातहत ल्याई मालपोत उठाउदै आएको भएपनि मालपोत उठाउनु बाहेक जग्गाको संरक्षण र अद्यावधिक गर्ने कार्य गरेको देखिदैन्।

यसैगरी ०७५ साल जेठ १ गते मालपोत कार्यालयको नेतृत्वमा बसेको गुठीयार, वडा प्रतिनिधि एवं मन्दिर सम्वद्धहरुको भेलावाट मन्दिरकोसम्पती, जग्गा जमिन, अन्य आम्दानी के कस्तो छ भन्नेवारे संस्थानवाट सोधनी भएको भनि वैठक बसेर सरजमिन गरिएको भनिएको भएपनि सो सरजमिन पत्रमा त्यसको सम्पती यकिन नगरी आम्दानीको मात्र चासो राखेको र गुठीयारको पक्षमा मात्र छलफल भएको देखिन्छ। यसवाट गुठीयार लगायत सम्वद्धबाट सम्पतीको संरक्षण वारे गहनता प्रदर्शन गरेको पाइदैन्।

जग्गाको मालपोत उठाउने सन्दर्भमा मात्र केन्द्रित रहेको भन्ने कुरा २०६३ पौष २७ मा छुट गुठी जग्गा को मालपोत गुठीयारले उठाएको भन्ने संस्थानको परिपत्र लिखत देखिन्छ। गुठीयार र गुठी संस्थान बीच सम्पतिको सरुक्षण गर्ने, व्यवस्थापन कसरी गर्ने , नित्य पूजाआजाको व्यवस्थापन कसरी गर्ने , मन्दिरको आम्दानी बढाएर रथयात्रा, आरती जस्ता महत्वपूर्ण पक्षहरु कसरी बढाउने सञ्चालन गर्ने भन्ने सन्दर्भमा कुनै छलफल निर्णय र पहल गरिएको दस्तावेजहरुमा देखिदैन।

संस्थानमा उपलव्ध दस्तावेजहरु अध्ययन गर्दा स्पष्ट हुन्छ मननारायण मन्दिरको संरक्षण र व्यवस्थापनमा गुठीयारद्धारा कुनै पहल गरेको देखिदैन्।

यतिधेरै सम्पती भएको मन्दिर अहिले विगत ३ वर्ष देखि उदाङ्गो रहेकोछ। आफ्नै आम्दानीवाट मन्दिर जिणोद्धार गर्न सकिने भएपनि पुरातत्व विभागद्धारा पुनर्निर्माण गर्न थालिएको छ तर हालसम्म अधुरो रहेको छ। पुरातत्व विभागले यस आवमा निर्माण सक्ने बताएपनि स्थानीय या गुठीयारको पुर्खाको चिनो वा सम्पदाप्रतिको साँघुरो सोचले नै गतिलिन नसकेको बताइन्छ।

मन्दिरका सन्दर्भमा न नपा, न वडा, न स्थानीय, न पूजारी कोही पनि कुनैपनि कुराको जानकारी नभएको वताउँछन्। गुठीयार स्वंमपनि मन्दिर रहेको क्षेत्र बटौली बजार भित्र रहेका जग्गा, मन्दिर परिसर समेत मन्दिरको नाममा छैन भन्ने स्थानीयको तर्कसंग सहमत छन् छैनन् भन्नेवारेमा प्रश्नछ। सुनिन्छ मन्दिरको परिसरनै सरस्वती मन्दिरकोनाममा लगत कायम गरिएको छ।

मननारायण मन्दिर र नारायणको मूर्तिमा चढाइएका गहनाको उल्लेख विभिन्न पुस्तकहरुमा उल्लेख भएपनि हाल ती गरगहना त्यहाँ उपलव्ध छैनन् भन्ने भनाई स्थानीयको छ। यसवाट के बुझ्न सकिन्छ भने यो मन्दिरको नाममा रहेका चलअचल सम्पती हडप्ने चक्रव्यूहमा यो मन्दिर फसेकोछ। यसको तत्काल उद्धार गर्न जरुरीछ। यसकालागि गुठी व्यवस्थापन समिति गठन गर्नुको विकल्प अव छैन। गुठी जग्गाको व्यवस्थापन गर्ने जिम्मा पाएको गुठी संस्थान र त्यसले नियुक्त गरेका गुठीयार एवं गुठी व्यवस्थापन समितिहरुको उदासिनताले क्रमशःसो गुठी सम्वद्ध सम्पदाको अस्तित्व लोप हुँदैछ आस्था, विश्वास र सो संग जोडिएको इतिहास र संस्कृतिपनि धुमिल हुँदैछ भन्ने सन्देश प्रवाह हुँदै गएकोछ।

गुठी संस्थानको जिम्मेवारी हो यस्ता गुठी जग्गाहरुको संरक्षण र उचित प्रबन्ध मिलाइ धर्म संस्कृति र परम्पराको निरन्तरता कायम गर्ने तर त्यसो नगरेको होकी भन्ने जिज्ञासा उठाएको छ यस्ता गतिविधिहरुले भन्न सकिन्छ। यो सम्पदाका साथै बटौली वजार, जीतगढी र फूलवारी क्षेत्र र यहाँ रहेका इतिहास र संस्कृतिका जिवन्त सम्पदाहरुको संरक्षण र प्रवर्द्धनकालागि तत्काल कदम चाल्न जरुरी छ। साथै यस क्षेत्रलाई विशेष सांस्कृतिक वा सम्पदायुक्त क्षेत्र घोषणा गरी गुरुयोजना निर्माण गर्ने कार्य अगाडि बढाउन जरुरीछ।

# नेप्से परिसूचकमा सामान्य वृद्धि



काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक दुई दशमलव ४७ अङ्कले उकालो लागेर दुई हजार सात सय ४५ दशमलव ३६ मा पुगेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ३१ अङ्कले उकालो लागेर चार सय ९५ दशमलव ३० मा पुगेको छ। कारोबार भएका १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य उकालो लाग्दा छ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

कूल एक करोड ८८ लाख सात हजार चार सय ९२ कित्ता शेयर रु सात अर्ब १९ करोड २७ लाख ९२ हजार एक सय ६६ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार, गुडविल फाइनान्स सात दशमलव ६३, एनआइसी एशिया सेलेक्ट फण्ड छ दशमलव १९, सनराइज ब्ल्यूचिप फण्ड छ दशमलव १४, समाज लघुवित्त पाँच दशमलव १२ र रावा इनर्जीका लगानीकर्ताले पाँच दशमलव १२ प्रतिशतले कमाएबका छन्।

यस्तै, अप्पर स्याङ्गे हाइड्रोपावर पाँच दशमलव १९, मिड सोलु हाइड्रोपावर पाँच दशमलव शुन्य तीन, सामुदायिक लघुवित्त चार दशमलव ४७, नेपाल एसबिआई बैंकको ऋणपत्र तीन दशमलव ८८ र सर्पोट माइक्रोफाइनान्सका लगानीकर्ताले तीन दशमलव ४१ प्रतिशतले गुमाएका छन्।

# घर पुनर्निर्माण गरि हस्तान्तरण

देवदह। देवदह-७, मदनग्राम निवासी असहाय लिलावती श्रेत्रीको बाढीले क्षति पुऱ्याएको घरलाई पुनःनिर्माण गरी हस्तान्तरण गरिएको छ।

गत साउनमा आएको बाढीले क्षति पुऱ्याएको लिलावती क्षेत्रीको घर स्थानीयवासीले पुनःनिर्माण गरी हस्तान्तरण गरिएको हो।

बाढीले क्षति पुऱ्याएको घर स्थानीयवासी, व्यवसायी, सामुदायिक वन, बैदेशिक रोजगारमा जानु भएका नेपालीहरुको सहयोगमा पुनःनिर्माण गरी एक कार्यक्रमका वीच हस्तान्तरण गरिएको हो। असाहय क्षेत्रीको घर साउनमा आएको बाढीले पूर्णरुपमा क्षति पुऱ्याएपछि स्थानीयको पहलमा पुनः निर्माण गरी एक कार्यक्रमका वीच देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलको प्रमुख आतिथ्यतामा उक्त घर हस्तान्तरण गरिएको अर्जुन गैरेले जानकारी दिए।बाढीले क्षति पुऱ्याएको घर २ लाख ७९ हजार ९ सय ११ रुपैयामा पुनः निर्माण गरी क्षेत्रीलाई हस्तान्तरण गरिएको हो।

दुई कोठे घर पुनः निर्माणको लागि स्थानीयवासी, व्यवसायी, सामुदायिक वन, बैदेशिक रोजगारमा जानेहरुको आर्थिक तथा भौतिक सहयोगमा दुई महिनामा निर्माण गरी हस्तान्तरण गरिएको गैरेले जानकारी दिए।

सो अवसरमा घर निर्माणको खर्च सार्वजनिक गर्दै मदनग्राम टोल विकास संस्थाका अध्यक्ष लक्ष्मण उपाध्यायले विभिन्न व्यक्ति तथा संस्थाहरुले सहयोग गरेको र अझै ६३ हजार ३ सय ५६ रुपैया अपुग रहेको जानकारी दिए।

सो अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले सवैको सहयोगले मात्र बाढीले क्षति पुऱ्याएको घर पुनः निर्माण गरी हस्तान्तरण गर्न सकिएको बताए।

उनले असहाय क्षेत्रीको बाढीले क्षति पुऱ्याएको घर पुनः निर्माण गरेर युवाहरुले उदाहरणीय काम गरेको बताए।



उनले यस आर्थिक बर्षमा नगरपालिकाले विपद्मा परेकालाई करिव ३० लाख सहयोग गरेको जानकारी दिए। उनले नेपाल सरकारले फुसको घर हटाएर टिनको घर बनाउने योजना अगाडि सारेपनि सम्वन्धीत व्यक्तिले रकम हिनामिना गर्ने गरेका कारण समयमा कार्यान्वयन गर्न समस्या भएको बताए। उनले उत्पीडन र असहाय बर्गको पहिचान गरी सहयोग गर्न नगरपालिका तयार रहेको बताउदै असहाय क्षेत्रीको घर पुनः निर्माणमा अपुग रहेको रकम नगरपालिकाले व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गरे।

नगर प्रमुख खरेलले नगरपालिका जाने बाटोमा रहेका नागरिकलाई अन्यत्र बसोवासको व्यवस्था गर्ने गरी नगरपालिका अगाडि बढेको जानकारी दिए।

उनले समाजमा रहेका विपन्न बर्गको सहयोगको लागि सवैले सहयोग गर्न आवश्यक रहेको बताउदै समाज रुपान्तरणको लागि सवै एकतावद्ध भएर लाग्नु पर्नेमा जोड दिए। कार्यक्रममा लुम्विनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराई, देवदह नगरपालिका-७, वडाअध्यक्ष कृष्णप्रसाद अधिकारी, नेकपा एमालेका प्रकाश अर्याल, नेकपा माओवादी केन्द्रका मोतीलाल ढकाल लगायतले बोलेका थिए।

युवा व्यवसायी चन्द्रकान्त खरेलको स्वागत र अर्जुन गैरेको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# तीन महिने बर्षावासको समापन

बुटवल । भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा तीन महिने बर्षाबास तथा धार्मिक अनुष्ठानको विहिबार समापन गरिएको छ। राजकीय बुद्ध विहारमा आयोजित कार्यक्रममा विहारका संरक्षक भिक्षु सागर धम्मले धर्मदेशना सहित बर्षाबासको समापन गरेका हुन् ।

बर्षातको तीन महिना प्रतिकुल मौसमका कारण धर्मयात्रा गर्न असहज हुने भएका कारण उपासक उपासिका सहित भिक्षुहरु सुरक्षित स्थानमा बसेर धार्मिक अनुष्ठानमा सरिक हुने प्रक्रियालाई बर्षाबास भनिन्छ । लुम्बिनीमा विगत ८ बर्षदेखि स्थानीय समुदायका तर्फबाट बर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रमको संयोजक गठन गरी मनाउने गरिएको छ ।

बौद्ध महिला समितिको व्यवस्थापनमा भएको बर्षाबासमा अवधिभर दैनिक धर्मदेशना, पुजा लगायतका विभिन्न धार्मिक गतिविधिहरु सञ्चालन गरिएको थियो । राजकीय बुद्ध विहारका संरक्षक भिक्षु सागरधम्मले भगवान बुद्धले सबै प्राणी जगतको कल्याणका लागि प्रदान गरेको उपदेशलाई असार पूर्णिमादेखि आश्विन पूर्णिमासम्म ९० दिनसम्म बुद्धजन्मस्थल लुम्बिनीमा बर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रमको माध्यमबाट उजागर गर्ने काम गरेको बताए ।

उनले आफूहरुले विगत ८ बर्षदेखि स्थानीयहरुलाई बुद्धको उपदेशसँग जोडेर बर्षाबास अवधिभर पञ्चशिल ग्रहण, बुद्धपूजा र धर्मदेशनामा सरिक गराएको बताए । भिक्षु धम्मले लुम्बिनी धार्मिक पर्यटकीय स्थल भएकाले यहाँ धार्मिक अनुष्ठानका कार्यक्रमहरु बढाउनुपर्नेमा जोड दिए ।

समापन कार्यक्रममा लुम्बिनी साँस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजन, लुम्बिनी बौद्ध विश्व विद्यालयका उपप्राध्यापक भिक्षु सिरी वजिर, लुम्बिनी होटल संघ नेपालका बरिष्ठ उपाध्यक्ष लिलामणि शर्मा, संयोजक मिरा सापकोटा गौतम, सहसंयोजक सिर्जना पंगेनी लगायतले बोल्दै लुम्बिनीका स्थानीयलाई जोड्दै आध्यात्मिक केन्द्रका रुपमा विकास गर्नुपर्नेमा जोड दिए ।

असार पूर्णिमादेखि शुरु भएको आठौं चरणको बर्षावासको चिवरदान कार्यक्रम भने कार्तिक ४ गते हुनेछ ।

राजकीय बुद्ध विहारमा हालसम्म ८ जना संयोजक भएर बर्षाबास तथा धार्मिक अनुष्ठान कार्यक्रम सम्पन्न गरिएको छ । जसको २०७४ मा टिका कटेल, २०७५ मा विष्णुकुमारी बस्याल, २०७६ मा राजकुमारी गुरुङ (गुरुआमा), २०७७ मा मञ्जु ढकाल, २०७८ मा राधिका न्यौपाने, २०७९ मा माया भुसाल, २०८० मा माया गुरुङ र २०८१ मा मिरा सापकोटा गौतमले संयोजकको भूमिका निर्वाह गरेका हुन् ।

**बधशाला...**

दुई दर्जन बढी सहकारीमा आवद्ध करिब ३५ हजार बाख्रापालक महिला (उत्पादक), वर्षौंदेखि बुटवलमा मासु व्यवसाय गरिरहेका व्यवसायी र सरकारको साझेदारीमा बुटवलमा आधुनिक पशु वधशाला सञ्चालन गर्ने अवधारणा अघि बढेको ६ वटा संस्थाले स्मरण गराएका छन् ।

सोही अनुसार प्रदेश सरकार र हेफर इन्टरनेसनलको १९ करोड र बुटवल उपमहानगरको ४ करोड लगानी गरी २३ करोडको लागतमा वधशाला निर्माण र सञ्चालन प्रकृया अघि बढेको थियो ।

२०७९ को स्थानीय चुनावपछि आएको उपमहानगरको नेतृत्वले हजारौं किसान र व्यवसायीसँगको पुर्व सहमतिलाई लत्याएर टेण्डरमार्फत बुटवल बाहिरको कम्पनीलाई दिएपछि बुटवलका व्यवसायी विरोधमा उत्रिनुपरेको बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्णप्रसाद पौडेलले बताए ।

पछिल्लो समय मुक्तिनाथ लाइभस्टक बैंकले ठेक्का पाएको वधशालामा व्यवसायी जान तयार नभएपछि बुटवल उपमहानगरपालिकाले कानूनको हवाला दिँदै व्यवसायीमाथि अनुगमन र जरिवाना आतंक सिर्जना गर्न थालेको उनीहरुको गुनासो छ ।

व्यवसायीमाथि बुटवल उपमहानगरबाट भएको ज्यादतीविरुद्ध नेकपा एमाले, माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, रास्वपा, राप्रपा र राष्ट्रिय जनमोर्चाले पनि व्यवसायीका पक्षमा ऐक्यबद्धता जनाएका छन् ।

---

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास डिभिजन कार्यालय,
तौलिहवा कपिलवस्तु

## इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१।०७।०२

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य खरीद गर्न इलेक्ट्रोनिक बोलपत्र आव्हान गरिएकोले आजको मितिले ३१ औ दिन भित्र दिउसो १२ वजे भित्रइच्छुक इजाजतप्राप्त फर्म वा कम्पनीले bolpatra.gov.np/egp मार्फत इलेक्ट्रोनिक बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना तथा जानकारीको लागि bolpatra.gov.np/egp र यस कार्यालय (मो.नं.९८५७०५००१३) मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ ।

| Procurement Title | Contract ID | cost estimate | Bid Fee | Bid Bond |
|---|---|---|---|---|
| Construction of Boundary wall and Gate of Buddhapadam ma vi, TaulihawaKapilvastu | SDDO.KAPIL.WORKS. NCB.Buddhapadam -03/081.082 | 2391006.44 (including VAT) | 3000/- | 60000/- |
| Laying of Interlock Block of Nepal Aadarsh ma vi, Shivraj-01 ShivpurKapilvastu | SDDO.KAPIL.WORKS. NCB.AADARSH-04/081.082 | 2908037.08 (including VAT) | 3000/- | 75000/- |
| Construction of school Building of shreeBhuwaneshwari ma vi, Bijaynagar-03 kapilvastu | SDDO.KAPIL.WORKS. NCB.BHUWANESHWARI -05/081.082 | 1940199.70 (including VAT) | 3000/- | 50000/- |

---

लुम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
सिद्धार्थनगर, रुपन्देही

## प्रशिक्षक सूचिकरण सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः२०८१/०७/०२

यस कार्यालयबाट आ.ब. २०८१/०८२ मा विभिन्न विषयका व्यवसायिक तथा सिपमुलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका र सम्बन्धित विषयमा दक्षता प्राप्त गरेका इच्छुक नेपाली नागरिकहरुले रु १० को टिकट टाँसी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित प्रशिक्षक तथा सहायक प्रशिक्षकको रुपमा यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन जानकारी गराइन्छ ।

तपसिलः

तालिमका विषयहरुः

| क. सं. | विषय | क. सं. | विषय | क. सं. | विषय |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल मेकानिक | ४ | गहना निर्माण | ७ | टेलरिङ्ग |
| २ | बिल्डिङ्ग इलेक्ट्रिसियन | ५ | फेशन डिजाइन | ८ | ब्युटिसियन |
| ३ | टायल मार्वल फिटर | ६ | जुत्ता चप्पल उत्पादन | ९ | अन्य... |

मुख्य/सहायक प्रशिक्षकको न्यूनतम योग्यताः

१. मुख्य प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह २ उतिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा सम्बनधित विषयमा प्राविधिक एस.एल.सी. वा सीप तह १ उतिर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभव का प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

पुनश्चः

- यहाँ उल्लेख भएका वाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन्। परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- सूचिकृत हुने निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.csirupandehi.p5.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यता क्रम वा अन्तर्वार्ता द्वारा प्रशिक्षक छनोट गरिनेछ ।
- प्रशिक्षार्थीको माग अनुसारको बिषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनोट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागी कार्यालयको फोन नं. ०७१-५७०२०४ वा ९८५७०१७४९५ (अनन्त पन्थी) मा सम्पर्क गर्न सकिनेछ ।

---

लुम्बिनी प्रदेश सरकार
उद्योग,पर्यटन तथा यातायात मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
सिद्धार्थनगर रुपन्देही

## निःशुल्क तालिम संचालन सम्बन्धी सूचना ।

सुचना प्रकाशित मितिः २०८१/०७/०२

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न व्यवसायिक तथा सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिने हुँदा तालिम लिन ईच्छुक लुम्बिनी प्रदेशमा स्थायी बसोबास गर्ने नेपाली नागरिकले निम्न बमोजिम उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले लिन चाहेको तालिम उल्लेख गरी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiobhw@gmail.com मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क. सं. | तालिमको विषय | तालिम अवधि | सहभागी संख्या | आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | टायल मार्वल फिटर तालिम (सीप परीक्षण समेत) | ३९० घण्टा | २० जना | क) १८ वर्ष उमेर पुरा भएको लुम्बिनी प्रदेशबासी नेपाली नागरिक हुनुपर्ने, | |
| २ | गहना निर्माण तालिम | तोकिए बमोजिम | २० जना | | |
| ३ | मोटरसाईकल मेकानिक तालिम (सीप परीक्षण समेत) | ३९० घण्टा | २० जना | ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, | |
| ४ | महिला शसक्तीकरणका लागि माग अनुसारको सीपमुलक तालिम सियारी ४ र ५, रुपन्देही | आवेदन मार्फत माग भएको बिषयको स्वीकृत पाठ्यक्रममा तोकिए बमोजिम | २० जना | | |
| ५ | महिला शसक्तीकरणका लागि माग अनुसारको सीपमुलक तालिम सिद्धार्थनगर नगरपालिका, रुपन्देही | | २० जना | ग) नगरपालिका तथा गाउँपालिका र वडा एवं संस्था तोकिएको कार्यक्रमको लागि सम्बन्धीत पालिका तथा वडा कार्यालय एवं संस्थाको सिफारिस समेत, | |
| ६ | रोहिणी सेवा समाजसँगको समन्वयमा बेरोजगार युवाका लागि हाउस वाररिङ्ग तालिम, रोहिणी गाउँपालिका, रुपन्देही | | २० जना | | |
| ७ | महिलाहरुलाई माग अनुसारको आयमूलक सीप विकास तालिम लुम्बिनी साँस्कृतिक नगरपालिका-१०, रुपन्देही | | २० जना | घ) हालसालै खिचिएको २ प्रति फोटो, | |
| ८ | श्रृष्टि महिला समुहसँगको समन्वयमा गरिव तथा विपन्न महिला समुदायलाइ माग अनुसारको रोजगारमुलक तालिम देवदह नगरपालिका-४, रुपन्देही | | २० जना | ङ) लक्षित वर्गका लागि तोकिएको तालिमको लागि सम्बन्धित वर्ग खुल्ने प्रमाणित कागजात | |
| ९ | महिलाहरुका लागि माग अनुसारको सीप विकास कार्यक्रम मायादेवी गाउँपालिका | | २० जना | | |
| १० | देवदह सामुदायिक विकास तथा सिकाइ केन्द्रसँगको समन्वयमा महिलाहरुलाइ माग अनुसारको उद्यमशिल तालिम देवदह नगरपालिका-७, रुपन्देही | | २० जना | च) उल्लेखित कागजात संलग्न गरिएको र आफुले लिन चाहेको तालिमको विषय खुलेको निवेदन | |

पुनश्चः

- निवेदन तथा स्वःघोषणा लगायतका फारमहरु यस कार्यालयको वेवसाईट www.csirupandehi.p5.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- रित नपुगी तथा म्याद नाघी आएका निवेदन उपर कारबाही हुने छैन ।
- अन्तर्वार्ताको माध्यमबाट सहभागी छनौट गरिनेछ । अन्तर्वार्ता हुने मिति र स्थानबारे अर्को सूचना मार्फत जानकारी गराईनेछ ।
- थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही (०७१-५७०२०४) मा वा उद्यम विकास सहजकर्ता श्री अनन्त पन्थीको मोबाईल नं. ९८५७०१७४९५ मा सम्पर्क गर्न सकिनेछ ।

---

# Jhimruk Rural municipality

Office of the Rural Municipal Executive
Bhyagute, Pyuthan
Lumbini, Province, Nepal

## Invitation for Bids

**Date of Publication: 2081/07/02 (AD 18/10/2024)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under National Competitive Bidding procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount (Including Vat & Ps). | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | IFB No.: JRM/ NCB/WORKS/02/ 2081/082 | Upgrading of Baluwa Badachaur Chifleti Kaulefide Motarbato | NRs. 6,791,545.10 | NRs. 200,000.00 | NRs. 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile 857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo or before 12 Hours on 2081/08/02 (AD 17/11/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/08/02 (AD 17/11/2024), 2:00 pm at the office of Jhimruk Rural Municipility Office of Rural Municipal Executive, Bhyagute Pyuthan. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 200,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days)
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# विपद्मा मृत्यु भएका परिवारका सदस्यको बिमा सरकारले गर्ने

बुटवल । मनसुन भित्रिएपछिका विपद्जन्य घटनामा मृत्यु भएका परिवारका एक जना सदस्यको बिमा सरकारले गर्न सिफारिस गरिएको छ।

बिहीबार सिंहदरबारमा बसेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले सरकारलाई २०८१ जेठ २८ बाट असोज २६ सम्ममा विपद्जन्य घटनामा मृत्यु भएका परिवारका एक जना सदस्यको बिमा गर्न सिफारिस गर्ने निर्णय गरेको हो।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव वसन्त अधिकारीले विपद्जन्य घटनामा निजी क्षेत्रको संलग्नतालाई कदर गर्दै अबबाट बस्ने कार्यकारी समितिको बैठकमा निजी क्षेत्रलाई पनि आमन्त्रण गर्ने निर्णय भएको बताए।

'नेपाल सरकारले २१ गते राजपत्रमा सूचना प्रकाशित गरेर विभिन्न २० जिल्लाका ७१ वटा स्थानीय तहलाई संकटग्रस्त क्षेत्र घोषणा गरियो। संकटग्रस्त क्षेत्र घोषणा गरिएका स्थानीय तहलाई राहत सहयोगको रुपमा केही रकम उपलब्ध गराउने निर्णय गरेको छ,' उनले भने।

पश्चिम नेपालमा एक वर्षअघि गएको भूकम्प जाजरकोट, बझाङ, बाजुरा र डोटीमा गएको भूकम्पपश्चात त्यहाँको पुनःनिर्माण कार्यलाई तिब्रता दिने निर्णय भएको उनले बताए।

त्यस्तै समितिले विपद् तथा खोज उद्धार कार्यलाई थप प्रभावकारी बनाउन थप संख्यामा हेलिकप्टर आवश्यक रहेको र खोज तथा उद्धार कार्यमा आवश्यक उपकरण विपद् जोखिम न्युनीकरण सम्बन्धि राष्ट्रिय परिषद्को बैठकमा सिफारिस गर्ने निर्णय भएको बताए।

'जम्मा ७१ वटा स्थानीय तहलाई उहाँहरुको स्थानीय तहमा भएको क्षतिको आकलन गरेका छौँ। त्यसका लागि हामीले तीन क्याटागोरीमा स्थानीय तहलाई विभाजन गरेका छौँ। त्यो अन्तर्गत पहिलो क्याटागोरीका ९ वटा स्थानीय तहलाई एक करोडका दरले, दोस्रो क्याटागोरीका १२ वटा स्थानीय तहलाई ७५ लाखका दरले र तेस्रो क्याटागोरीका ५० वटा स्थनीय तहलाई ५० लाखका दरले उपलब्ध गराउने,' उनले भने, 'ती स्थानीय तहले खर्च गर्ने क्रममा सामान्य प्रक्रियाका व्यवस्था राखिएको छ। विपद् तथा खोज उद्धार कार्यलाई थप प्रभावकारी बनाउन थप संख्यामा हेलिकप्टर चाहिएको कुराको अहिले पनि हामीले महसुस गरेका छौँ।'

मनसुन सुरु भइसकेपछि २०८१ जेठ २८ बाट असोज २६ सम्ममा विपद्जन्य घटनामा मृत्यु भएका परिवारका एक जना सदस्यको बिमा नेपाल सरकारले गर्ने हिसाबले सिफारिस गरिएको पनि उनले बताए।

सरकारले २१ गते राजपत्रमा सूचना प्रकाशित गरेर विभिन्न २० जिल्लाका ७१ वटा स्थानीय तहलाई संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो।

सकटग्रस्त क्षेत्र घोषणा गरिएका स्थानीय तहलाई राहत सहयोगको रुपमा ७१ वटा स्थानीय तहलाई स्थानीय तहमा भएको क्षतिको आँकलन गरी तीन चरणमा विभाजन गरिएको छ।

जसमध्ये पहिलो चरणका ९ वटा स्थानीय तहलाई एक करोड, दोस्रोमा रहेका १२ वटा स्थानीय तहलाई ७५ लाखका दरले र तेस्रो क्याटागोरीका ५० वटा स्थनीय तहलाई ५० लाखका दरले उपलब्ध गराउने निर्णय भएको छ।

## सिङ्गो गाउँ नै तरकारीखेतीमाः

# वार्षिक भित्रिन्छ ८० लाख



बागलुङ । बागलुङको ढोरपाटन नगरपालिका-५ का दुई सय २० घर दूरीका किसान व्यावसायिक तरकारीखेतीबाट जीविकोपार्जन गर्दै आएका छन् ।

विसं २०७५ देखि तरकारीखेतीमा लागेका किसानले अहिले गाउँका बाँझो जग्गाको सदुपयोग गरी तरकारी लगाउन थालेका हुन् । यहाँको नाथुरी, बाउनगाउँ, अधिकारीचौर, प्याङखोलाका प्रत्येक परिवारले प्लास्टिकका टनेलमा मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आएका छन् ।

सुरुमा गाउँका अगुवा किसान कृष्णलाल कँडेलले थालेको तरकारीखेतीमा अहिले गाउँभरि बिस्तार भएको छ । कँडेलले विसं २०६९ देखि नै फाटफुट तरकारीखेती गर्न थाल्नुभएको थियो । छ वर्षपछि सरकारी कृषि ज्ञान केन्द्रसहित विभिन्न सरकारी निकायले अनुदान दिन थालेपछि स्थानीय व्यावसायिक तरकारीखेती गर्न थालेका थिए । बुर्तिबाङ-ढोरपाटन सडक छेउमै पर्ने गाउँमा फलेका तरकारी बजार पुऱ्याउन त्यति समस्या छैन । नजिकै बुर्तिबाङ बजार हुँदा बिक्रीका लागि टाढा धाउनु पर्दैन ।

गाउँमा तरकारीखेती गर्न थालेपछि न्यून आय भएका परिवारको पनि आर्थिक अवस्था सुधार हुँदै गएको स्थानीय अगुवा किसान कृष्णलाल कँडेलले बताए । १२ वर्षअगाडि आफूले गाउँमा टनेलभित्र तरकारीखेतीको सुरुआत गरेपछि अहिले सिङ्गो गाउँ नै यसमा लागेको उनको भनाइ छ ।

तरकारीखेतीमा आबद्ध किसानले वार्षिक न्यूनतम रु दुई लाखदेखि सात लाखसम्म आम्दानी गर्दै आएका कँडेल बताउछन् । यस वर्ष ढोरपाटन-५ मा मात्रै तरकारी बेचेर रु ८० लाख भित्रिएको उनले जानकारी दिए ।

"गरे के नहुने रैछ र ?, मैले तरकारीखेती सुरु गर्दा गाउँलेले तरकारी पनि बिक्री हुन्छ भन्दै गिज्याउँथे, अहिले गाउँमा टनेलमा तरकारीखेती नगर्ने कोही छैन, तरकारीबाट आम्दानी राम्रो हुन थालेपछि पहिले हुँदा खानेहरू अहिले हुने खाने भए", उनले भने, "पोहोर परार साल वार्षिक ५० लाखको तरकारी बिक्री हुन्थ्यो, यस वर्ष थप ३० लाख बढीको खायन आलुसमेत बिक्री गऱ्यौं ।"

बारीमा काम गर्न थालेपछि धेरै युवा विदेश जानबाट रोकिएका छन् । जिल्लाको अन्य गाउँमा युवा विदेश पलायन हुँदा ढोरपाटनमा भने गाउँ जनशक्तिको अभाव छैन । व्यवसायिक तरकारीखेतीले गाउँलेको जीवनशैली नै बदलिएको स्थानीय किसान विष्णुकुमारी घर्तीले बताईन् ।

बजारमा तरकारीको भाउमा एक रुपता नहुँदा कहिलेकाहीँ मूल्य नपाउने उनको भनाइ छ ।

तरकारीखेतीबाटै घर खर्च चलाउने र छोराछोरी पढाउने गरेको घर्ती बताए ।

उनले भने, "तरकारीखेतीबाट आत्मसन्तुष्टि मिलेको छ, पहिले एक मुरी धान फल्ने खेतमा अहिले लाखौंको तरकारी फल्छ, मैले मात्रै होइन गाउँका धेरैले यो पेसा अङ्गालेका छन्, तरकारीमा रोग लागेन भने वर्षमा दुई/चार लाख रुपैयाँ कमाउन समस्या छैन ।"

तरकारीखेतीतर्फ किसानलाई आर्षित गर्न कृषि ज्ञान केन्द्र बागलुङ्ले पनि सहयोग गर्दै आएको छ । यस क्षेत्रमा तरकारीखेती र खायन आलु उत्पादनका लागि करिब ८० लाख लगानी गरेको केन्द्रका सूचना अधिकारी कुमार पुनले जानकारी दिए । किसानलाई आवश्यक अनुदानसहित प्राविधिक सहयोग र उपकरणसमेतउपलब्ध गराउँदै आएको उनले बताए ।

# नाबालिका बलात्कार गर्ने पाँच जना पक्राउ

बुटवल । बाँके प्रहरीले एक नाबालिकालाई दुई दिनसम्म होटलमा राखेर सामूहिक रुपमा करणी गरेको आरोपमा पाँचजनालाई पक्राउ गरेको छ ।बाँके प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी नायव उपरीक्षक आयूशप्रसाद जोशीले एक नाबालिकालाई दुई दिनसम्म होटलमा राखेर सामूहिक जबरजस्ती करणी गरेको आरोपमा बैजनाथ गाउँपालिका वडा नम्बर १ करेलीका निशान रोकाया, सोही ठेगाना भएका डम्मरबहादुर रोकाया, गाभरका निर्मल थापा, विजय कार्की र जीवन रोकायालाई पक्राउ गरेको जानकारी दिए ।

उनका अनुसार नाबालिकालाई कोहलपुर नगरपालिका वडा नम्बर ११ सुर्खेत रोडस्थित एक होटलमा असोज २७ र २८ गते दुई दिनसम्म राखेर उनीहरुले करणी गरेका थिए। इलाका प्रहरी कार्यालय कोहलपुरबाट गएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको प्रनाउ जोशीले बताए ।

जबरजस्ती करणीमा परेकी नाबालिका अन्दाजी १२/१३ वर्षीया रहेको बाँके प्रहरीले जनाएको छ। प्रहरीका अनुसार जबरजस्ती करणीको आरोपमा पक्राउ परेका पाँचै जनाका बारेमा थप अनुसन्धान प्रकृया अगाडि बढाइएको छ।

# बाख्रापालनबाट आत्मनिर्भर बन्दै बाँकेका महिला

राँझा(बाँके) । जिल्लाका किसान महिला बाख्रापालनबाट आत्मनिर्भर बन्दै गएका छन् । उनीहरूले यो वर्षको दसैँमा एक हजार सात सय ८६ खसीबोका बिक्री गरेका छन् ।

जिल्लास्थित १४ सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत खसीबोका बिक्री गरेर किसान महिलाले रु तीन करोड बढी आम्दानी गरेको राप्तीसोनारी गाउँपालीका-६ टेपरीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाकी प्रबन्धक दिब्या गुरुङले जानकारी दिए ।

"दिदीबहिनीले हुर्काएका खसीबोका बिक्रीको लागि सहकारीमा तौल गराउनुहुन्छ, हामीले बिक्री गर्ने गरेका छौँ", व्यवस्थापक गुरुङले भनीन् ,"यो वर्षको दसैँमा खसीबोका बिक्री अपेक्षा गरेभन्दा बढी भएको छ, अब तिहारमा पनि सोही गतिमा बिक्री गर्ने हुने ठानेका छौँ ।" राप्तीसोनारीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत रु ३३ लाख दुई हजार दुई सय १० बराबरका दुई सय २२ खसीबोका बिक्री भएका छन् ।

यसैगरी दसैँमा दीपलगन सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९३, रोशनी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९६ परिवर्तन सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ३० खसीबोका बिक्री भएका छन् । दसैँमा सबैभन्दा बढी राप्तीसोनारी-२ खोरीयास्थित जननी सामाजिक उद्यमी महिला सहकारी संस्थाले कारोबार गरेको छ । जननीले दुई सय ८१ खसीबोका बिक्री गरेको प्रबन्धक गणेश खत्रीले जानकारी दिए ।

प्रबन्धक खत्रीका अनुसार यो दसैँमा बैजापुर सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ५७, अप्सरा सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ६९, कुसुम सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९८, सुनकोशी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९६ र सङ्गीनी सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ९२ खसीबोका बिक्री भएका छन् ।यसैगरी राप्तीसोनारी-९ ढकेरीस्थित सङ्घर्षशील सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत एक सय ९५, उपहार सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ४०, सशक्तिकरण सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ७० र बैजनाथ सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ४७ खसीबोका बिक्री भएका हुन् ।

राप्तीसोनारी गाउँपालिका-६ फत्तेपुरका किसान महिलाले यो वर्षको दसैँलाई लक्षित गरेर दुई सय ५० खसीबोका बिक्रीका लागि तयार गरेकोमा दुई सय २२ खसीबोका बिक्री भइसकेका छन् । विगतमा बाँकेका महिलाले उत्पादन गरेका खसीबोका सामाजिक उद्यमी जिल्ला सहकारी सङ्घ बाँकेमार्फत काठमाडौँलगायत बाहिरी जिल्लामा बिक्री वितरण हुँदै आए पनि अहिले सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत किसान महिलाका खसीबोका बिक्री हुँदै आएका छन् ।

# अर्घा दरबारमा भव्य सराँय नाँच



**लक्ष्मण घिमिरे**

*अर्घाखाँची ।*

हिन्दु सांस्कृतिक परम्पराको जगेर्ना साथै सबै समुदायबीच धार्मिक र जातीय सद्भाव कायम गरी भाइचाराको सम्बन्ध विस्तार गर्न सराय नाच नाच्ने गरिन्छ।

सराय महिला, पुरुष मात्र नभई सबै जातजाती एकै ठाँउ भएर नाचीने नाच हो । विजयादशमीको दशमीदेखी पुर्णिमासम्म जिल्लाका अधिकांश कोट तथा शक्ति पीठहरुमा नाचिने सराएँ नाच चैते दशैमा पनि केहि ठाँउमा नाचिने गरिन्छ ।

महिला र पुरुषहरु मिलेर हातमा तरवार, खुँडा, खुकुरी जस्ता हतियार लिएर 'वाखै भाइ हो ह...' भन्दै सराय नाच्ने गर्दछन । बडादसैंको दिनदेखी कोजाग्रत पुर्णिमासम्म जिल्लाका कोट तथा शक्तिपीठहरुमा सराएँ नाच हुन्छ । सराय नाच अर्घाखाँचीको मौलिक नाच हो ।

हिन्दूहरुको महान पर्व बडादशैंमा नाचिने सराएँ नाच एकादशीको दिन सन्धिखर्क, द्वादशीको दिन शितगंगा नगरपालिकाको ठाडादह, भुमिकास्थान नगरपालिकाको ढिकुरा, त्रयोदशीको दिन सन्धिखर्कको खाँचीकोट, भुमिकास्थानको ताराखसे, भुमिकास्थानकै पाकु, चतुर्दशीको दिन मालारानी गाँउपालिकाको हंसपुर राँगामारे, सन्धिखर्कको कुर र पुर्णिमाको दिन भुमिकास्थानको सुवर्णखाल, पाणिनीको मालिका मन्दिर र सन्धिखर्कको अर्घा दरबारमा नाचिने गरिन्छ । अर्घाको अर्घा भगवती मन्दिरमा सराएँ नाच, पुर्णिमा मेला सहित फूलपाती विसर्जन गरेपछी यस बर्षको बडा दशैं औपचारिक रुपमा समापन भएको यहाँका वासिन्दाको मान्यता रहेको अर्घा मन्दिरका पुजारी घनश्याम अचार्यले बताए ।

तरवार, खुँडा, खुकुरी लगायतका हतियार लिएर पञ्चेबाजाको तालमा नाचिने यस नाचमा देवीहरुको प्रतीक आलमलाई समेत लिएर नाच्ने गरिन्छ । हथियार प्रदर्शन सहित नाचिने यो नाचले देवी खुसी हुने जनविश्वास छ । अर्घाखाँचीबाट बसाईसराई गरी रुपन्देही र कपिलवस्तु गएकाहरुले पनि सराएँ नाच निकाल्ने गर्दछन। अर्घाखाँचीको विभिन्न क्षेत्रबाट बसाई सरेर गएका वासिन्दाले सराएँ नाचको विस्तार गरिरहेका छन् । भुमिकास्थानको ढिकुराबाट बसाईसराई गरि रुपन्देहीको नयाँगाउँ बस्ने बलराम घिमिरेले रुपन्देहीमा पनी सराएँ नाचको विस्तार हुन लागेको बताए ।

सराएँ नाच अर्घाखाँची आसपासका जिल्लामा बढि प्रचलित छ । किम्बदन्ती अनुसार देवीले राक्षस महिसासुर र शुम्भको बध गरेको खुशियालीमा सराएँ नाच्न थालिएको हो । खाँचीकोट दरबारका राजा दलजित शाहकी छोरी चन्द्र प्रभावतीको गोरखाका राजा नरभूपाल शाहसँग विवाह भएको थियो । त्यसबेलादेखि खाँचीकोट दरबारलाई विशेष महत्वको रुपमा हेर्न थालिएको थियो ।

चन्द्रावतीले मावतीघरमा आएका पृथ्वीनारायण शाहलाई राजकीय विधी, शासन पद्धती, हतियार सञ्चालन र एकीकरणसम्बन्धी शिक्षा दिएपछि नेपालको एकीकरण भएको मान्यता रहेको स्थानीय समाजसेवी प्रीतम थापाले बताए । यसैका कारण खाँचीकोट दरबारलाई महत्वको रुपमा लिइने र त्रयोदशीका दिन सराएँ नाच विशेष हुने उनले बताए ।

दानवसँगको लडाइँमा भगवतीले जितेको उपलक्ष्यमा विजयोत्सव स्वरुप सराएँजात्रा गरिँदै आईएको छ । अर्घाखाँचीको अर्घादरबारमा यसक्षेत्रकै ऐतिहासिक सराएँ जात्रा नै लाग्छ । यहाँ पूर्णिमाको दिन सराय नाच हुन्छ । अर्घाभगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सरोज भुसालका अनुसार सराय नाचको छुट्टै महत्त्व र इतिहास रहेको छ। कोतहरूमा पशुबली पनि दिने गरिन्छ। सराएँ नाच्न कहिलेदेखी सुरु गरियो भन्ने यकिन नभएपनी सयौं बर्षदेखी देवीलाइ खुशी पार्न यो नाच नाच्ने प्रचलन रहिआएको र आफुहरुले परम्परालाई पच्छाएको सरोकावालाहरुको भनाई छ।

हामी रहनेछौं दशैंमा यहाँहरुकै सेवामा !
"Exciting news!
SIDDHARTHA CABLE CAR WILL BE OPEN THROUGHOUT DASHAIN.
Enjoy the festival with us !
विजय दशमी/शुभ दिपावली/छठ पर्व २०८१ को पावन अवसरमा समस्त नेपाली आमा बुवा दाजु भाई तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।
राजेन्द्र सिंह गुरु
अध्यक्ष
सिद्धार्थ केवलकार लिमिटेड परिवार
Siddhartha Cable Car Ltd.
9802733392 siddharthacablecar.com.np Deuralidanda (Near Phulbari Park) Butwal-1, Rupandehi

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com